# ह्राम्रो विराटनगर

## (स्थानीय पाठ्यक्रम कक्षा १-५)

२०७६

मस्यौदा

विराटनगर महानगरपालिका

मोरङ,प्रदेश नं १

## प्राक्कथन

नेपालको संविधानले अनुसूची ८ मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरिसकेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य हो । नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ कार्यघण्टार १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था कार्यान्वय भएन । यसैको आधारमा आधारभूत शिक्षा ( कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ कार्यघण्टार १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७१ अनुसार आधारभूत तहमा २० प्रतिशत १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो । राष्ट्रिय पाठ्यक्रम पारुप, २०७५ मा भएको प्रावधान अनुसार स्थानीय तहले विद्यालय तहको पाठ्यक्रमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गरिएको छ । उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ कार्यघण्टा र वार्षिक रुपमा १६० कार्य घण्टा र कक्षा ४–८ को लागि साप्ताहिक ४ कार्यघण्टार वार्षिक पाठ्य घण्टी १२८ निर्धारण गरेको छ । नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले तयार गरेका स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ ।

शैक्षिक विकेन्द्रीकरणको अवधारणाअनुरूप स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराई शिक्षामा आवश्यक सुधार गर्न, स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षमा जोड दिन, नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको "राष्ट्रिय पाठ्यक्रम प्रारूप" ले निर्धारण गरेका शैक्षिक क्षेत्रमा देखा पर्ने स्थानीय शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न, स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिनतथा "विश्वव्यापी सोच र स्थानीयतालाई कार्यान्वयनमा ल्याऊ" (Think Globally Act Localy) भन्ने मध्यमार्गी र समन्वयकारी अवधारणालाई मूर्त रूप दिनका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको सन्दर्भमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने,पाठ्यक्रम विकास स्थानीय तहबाटै हुने,पाठ्यक्रमप्रति स्थानीय जनताको अपनत्व बढ्ने,पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने,विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने,न्यून मूल्यका स्थानीय सामग्रीको (Low cost, No cost materials) को प्रयोग हुने,सरोकारवालाको सक्रिय सहभागिता रहने भएकोले विराटनगर महानगरपालीकाले यो पाठ्यक्रम तयार गरेको हो ।

विराटनगर महानगरपालीकाले यो पाठ्यक्रम निर्माण गरी कार्यन्वयनमा ल्याएपछी केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिले स्थान पाउने, समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरूपको पाठ्यक्रम हुने, सबै पक्षको अर्थपूर्ण सहभागिता हुने परम्परागत ज्ञान, सीप सहितको स्थानीय ज्ञान को उजागर गर्ने, स्थानीय ज्ञानको खोजी गर्दै नवीनतम ज्ञान एवम् सीपको विकासमा सहयोग पुऱ्याउँने स्थानीय मूल्य, मान्यताको संरक्षण र संवर्द्धनमा सहयोग पुऱ्याउनुको साथै तिनको हस्तान्तरणमा समेत यसले योगदान पुऱ्याउने अपेक्षा यस पाठ्यक्रमको रहेको छ ।

विराटनगर महानगर नगरपालिकाले स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरु, नगरपालिकाका अध्यक्ष तथा सदस्यहरु, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरि प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा विराटनगर महानगरपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदा, संस्कार र सँस्कृति, पर्यटन, पेसा, प्रविधि र उद्यमशिलता, स्वास्थ्य र सफाइ, प्रकोप, पर्यावरण र हरित विद्यालय, व्यक्ति र संस्था लगायतका विषयवस्तु लाई समेटेर कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम तयार गरिएको छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०७७ देखि कक्षा १-५ सम्म लागू गरिने छ

यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने नीति निर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, प्राध्यापक, शिक्षक, विद्यार्थी एवम् सम्बन्धित सरोकारवालाहरूप्रति विराटनगर महानगरपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो पाठ्यक्रमको कार्यान्यनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यस महानगरपालिकाले पाठ्यक्रम प्रयोगकर्तालगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ ।

**धन्यवाद !**

वि.सं. २०७६,चैत्र

विराटनगर महानगरपालिका

मस्यौदा

# हाम्रो विराटनगर

## १. परिचय

निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रमनै पाठ्यक्रम हो । पाठ्यक्रममा  विभिन्न अनुभवहरुलाई व्यवहार उपयोगी बनाउन निश्चित कार्यक्रम दिइएको हुन्छ ।  व्यापक रुपमा भन्नुपर्दा पाठ्यक्रम भनेको शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाएको शैक्षिक सामग्री हो, तापनी यसको विशिष्टतालाई हेर्दा यो प्रत्यक्ष रुपमा विद्यार्थीहरुको सिकाइ सक्षमतासँग सम्बन्धित एउटा दस्तावेज हो । पाठ्यक्रममा  सिक्ने व्यक्तिको मानिसक, शारीरिक, सामाजिक र नैतिक विकासमा सहायता हुने विद्यालय भित्र र बाहिरका समस्त अनुभवहरु एउटा कार्यक्रमका रुपमा समावेश भएका हुन्छन् । त्यसैले पाठ्यक्रम शिक्षाका दर्शनको लक्ष्य प्राप्त गर्ने एउटा साधन हो । संरचनागत रुपमा पाठ्यक्रम भन्नाले लक्ष्य, वस्तु,प्रक्रिया,श्रोत र मूल्यांकनका साधन आदि बुझिन्छ । जसलाई विद्यालय भित्र तथा बाहिर कक्षा शिक्षण वा सम्बन्धित कार्यक्रम द्वारा पुरा गर्ने योजना बद्ध प्रयास हुन्छ । विषय र ज्ञानका दृष्टिले हेर्दा पाठ्यक्रमलाई मानव जातिकै सम्पूर्ण ज्ञान र अनुभवको सारको रुपमा लिन सकिन्छ । पाठ्यक्रमका प्रत्यक्ष उपभोक्ता भनेका विद्यार्थी हुन भने उपभोग गराउने माध्यम विद्यालय र समाज भएकाले वास्तवमा विद्यालय भित्र र बाहिर विद्यार्थीमा इच्छित उपलब्धिहरु हासिल गराउन विद्यालयद्वारा गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रमका रुपमा लिन सकिन्छ ।

स्थानीय पाठ्यक्रम अन्तर्गत  मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सीप, कला तथा प्रविधिमा आधारित विषयहरु समेट्नु पर्ने भएकाले संस्कृत भाषा वाहेक यस पाठ्यक्रममा सबै विषयवस्तुलाई नै समेट्ने प्रयास गरिएको छ । नयाँ पुस्ताले आफ्नो परम्परागत चाडपर्व, संस्कार र संस्कृति बिर्सदै छन् । उनीहरू आधुनिकताका नाममा पाश्चात्य संस्कृतिबाट प्रभावित हुँदै छन् । यसो हुनुमा हामीले उनीहरूलाई हाम्रो संस्कृतिको महत्व बुझाउन नसक्नु पनि हो । हाम्रा परम्परागत संस्कृतिहरू त्यसै आएका होइनन् । यो तयार हुन हजारौँ वर्ष लागेको छ । यस्ता संस्कृतिमा हाम्रो चिनारी र पहिचान लुकेको हुन्छ । त्यसैले यस्ता चाडपर्व र संस्कृतिहरूलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै लैजानुपर्दछ । उनीहरूलाई त्यसको महत्व बुझाउन सक्नुपर्छ । नत्र एक पुस्ता अर्को पुस्ता हुँदै यी संस्कृतिहरू हराएर जान सक्छन् । यी विभिन्न संस्कृति र चाडपर्वहरूमध्ये विशेष गरेर विराटनगर क्षेत्रमा मनाइने पर्वहरु पनि हुन । यस्ता पर्वको धार्मिक, सांस्कृतिक र सामाजिक महत्व रहेको छ । त्यसैले यी पर्वका बारेमा नयाँ पुस्तालाई पनि जानकारी गराउने, पर्वको महत्व बुझाउने र सक्रियताका साथ पर्व मनाउन सहभागी गराउने मुख्य उद्देश्य लिएर यो पाठ्यक्रममा यस्ता विषयवस्तुहरु पनि समावेश गरिएको छ ।

लोकतन्त्र, मानव अधिकारको संरक्षण र सम्वर्धन गर्ने, निरन्तर  शिक्षा प्रति प्रतिबद्ध, श्रम प्रति सकारात्मक सोच भएका, स्वरोजगार उन्मुख असल चरित्र भएका र एकाइसौं शताब्दिमा व्यक्ति समाज र राष्ट्रमा आइपर्ने चुनौतीहरुको सामना गर्न सक्रिय योगदान पुऱ्याउन सक्ने नागरिक तयार गर्नु वर्तमान नेपालको विद्यालय शिक्षाको दुरदृष्टी (vision) रहेको छ । त्यसैले वर्तमान विद्यालय शिक्षा यसै दृष्टिकोणबाट अगाडि बढी रहेको छ । पाठ्यक्रम विकास र परिमार्जन कार्य गतिशील निरन्तर चलि रहने प्रक्रिया भएकाले विद्यार्थी, अभिभावक, समाज र राष्ट्रको आवश्यकता अनुसार पाठ्यक्रममा समसामयिक सुधार भईरहन्छ । देशको सामाजिक,आर्थिक, राजनैतिक र साँस्कृतिक परिवर्तन तथा ज्ञान, विज्ञान र  शिक्षा क्षेत्रमा भएका विकासलाई आत्मसाथ गरेर पाठ्यक्रमलाई समय सापेक्ष बनाउनुपर्छभन्ने मान्यताका साथ कक्षा १ देखि कक्षा ५ लाई लक्षित गरि विराटनगर महानगरको **हाम्रो विराटनगर**पाठ्यक्रम तयार गरिएको छ ।

स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री, २०६६ ले “स्थानीय सरोकारवालाको आवश्यता, चाहना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरि निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ” भनि परिभाषित गरेको छ । त्यसैले, स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो । यो स्थानीय पाठ्यक्रमले विराटनगर महानगरपालिका क्षेत्र भित्रको विशिष्ट पहिचानलाई उजागर गर्नेछ । आधारभूत तहको कक्षा १–५ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको

संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत पहिचान गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा, व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्नेछ । यस पाठ्यक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्ने अपेक्षा गरिएको छ ।

## २.आधारभूत शिक्षा (कक्षा १-५) स्थानीय पाठ्यक्रमका तहगत सक्षमता

**यस तह(कक्षा १–५)को अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित समक्षता हासिल हुनेछन् :**

१. विराटनगरको भौगोलिक र प्राकृतिक स्वरूपको जानकारी र नक्साङ्कन

२. विराटनगरका धार्मिक तथा ऐतिहासिक स्थल, सामाजिक व्यक्तित्वहरु, तथा सम्पदाहरुको परिचय, महत्व र संरक्षणका उपायहरु,

३. स्थानीय जातजाती, संस्कृति, परम्परा र रीतिरिवाजसँग परिचित हुदै सहभागिता

४. स्थानीय स्तरमा खेलिने खेल, खेलमैदान तथा मनोरञ्जनस्थलहरुको परिचय, महत्व र संरक्षण

५. स्थानीय वातावरण तथा प्राकृतिक प्रकोपको व्यवस्थापन

६. विराटनगर महानगरभित्रका आर्थिक क्रियाकलाप र स्थानीय प्रविधिसँग परिचित हुदै यसको संरक्षण र प्रयोगमा सहभागिता

७. हाम्रा नैतिक आचरण, दायित्व र अनुशासनसँग घुलमिल भई तिनको अधिकतम उपयोग

८. स्थानीय स्तरमा उपलब्ध हुने सेवा तथा सुविधासँग परिचित भई तिनको प्रयोग

## ३.हाम्रो विराटनगर विषयको कक्षागत सिकाइ उपलब्धि

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|
| १. आफ्नो वरपरको भौगोलिक र प्राकृतिक स्वरूपको जानकारी राख्न<br>२. आफ्नो घर र विद्यालय वरपरको मौसम र प्राकृतिक प्रकोपको जानकारी दिन<br>३. विराटनगरको ऐतिहासिक स्थलहरु,मठमन्दिर,दरबार तथा विद्यालयहरुको नाम बताउन ।<br>४. विराटनगरका ऐतिहासिक तथा सामाजिक व्यक्तित्वहरुको नाम बताउन ।<br>५. नेपालको प्रजातान्त्रिक आन्दोलनमा विराटनगरबाट सहभागी व्यक्तित्वको बारेमा परिचित हुन ।<br>६. विराटनगरको ऐतिहासिक उद्योगसँग परिचित हुन ।<br>७.आफ्नो परिवारका सांस्कृतिक क्रियाकलापहरू सँग परिचित हुन ।<br>८.आफ्नो घर आसपासमा रहेका सार्वजनिक सम्पत्ति र प्राकृतिक सम्पदाबारेमा प्रश्नोत्तर तथा छलफल गर्न ।<br>९.आफ्नो घर आसपासमा रहेका मौलिकजातजाति,रहनसहन,वेशभूषा,संस्कृति, रीतिरिवाज, परम्परा र परिकारसँग परिचित हुन ।<br>१०. आफ्नो परिवार तथा छरछिमेकमा मनाइने मौलिक पर्व,कला, जात्रा, गीतसंगीत,उत्सव महोत्सवहरुको पहिचान गर्न र सहभागी हुन ।<br>११.आफ्नो घर वरपर रहेका धार्मिक, सांस्कृतिक, तथा प्राकृतिक सम्पदाहरुका बारेमा छलफल, प्रश्नोत्तर गर्न ।<br>१२. मनोरञ्जनका लागि गरिने | १. आफ्नो समुदायको भौगोलिक र प्राकृतिक स्वरूपको जानकारी र विद्यालयदेखि घरसम्मको सडकको नक्साङ्कन,<br>२. आफ्नो समुदायमा हुने गरेका मौसम र प्राकृतिक प्रकोपको जानकारी दिई सचेत हुन,<br>३. विराटनगरको ऐतिहासिक स्थलहरु,मठमन्दिर,दरबार तथा विद्यालयहरुको नाम बताउन ।<br>४.विराटनगरका ऐतिहासिक तथा सामाजिक व्यक्तित्वहरुको नाम र सामान्य परिचय दिन ।<br>५.नेपालको प्रजातान्त्रिक आन्दोलनमा विराटनगरबाट सहभागी व्यक्तित्वको बारेमा परिचित हुन ।<br>६. विराटनगरको ऐतिहासिक उद्योगसँग परिचित हुन ।<br>७.आफ्नो समुदायका सांस्कृतिक क्रियाकलापहरू सँग परिचित हुन ।<br>८.आफ्नो टोल र समुदायका सार्वजनिक सम्पत्ति र प्राकृतिक सम्पदाबारेमा प्रश्नोत्तर तथा छलफल गर्न ।<br>९.आफ्नो समुदाय आसपासमा रहेका मौलिकजातजाति,रहनसहन,वेशभूषा,संस्कृति, रीतिरिवाज, परम्परा र परिकारसँग परिचित हुन ।<br>१०. आफ्नो टोल तथा वडामा मनाइने मौलिक पर्व,कला, जात्रा, गीतसंगीत,उत्सव महोत्सवहरुको पहिचान गर्न सहभागी हुन ।<br>११.आफ्नो वडामा रहेका धार्मिक, सांस्कृतिक, तथा प्राकृतिक सम्पदाहरुका बारेमा | १. विराटनगरको भौगोलिक स्वरूपको जानकारी र आफ्नो वडाका प्रमुख सडकको नक्साङ्कन कार्य गर्न,<br>२.विराटनगरको मौसम र प्राकृतिक प्रकोपको जानकारी दिन<br>३. विराटनगरको ऐतिहासिक स्थलहरु,मठमन्दिर,दरबार तथा विद्यालयहरुको परिचय दिन ।<br>४. विराटनगरका ऐतिहासिक तथा सामाजिक व्यक्तित्वहरुको नाम र सामान्य परिचय दिन ।<br>५.नेपालको प्रजातान्त्रिक आन्दोलनमा विराटनगरबाट सहभागी व्यक्तित्वको बारेमा परिचित हुन ।<br>६.विराटनगरको ऐतिहासिक उद्योगसँग परिचित हुन ।<br>७.विराटनगरका सामाजिक, सांस्कृतिक गतिविधिहरूको पहिचान, र सहभागिताजनाउन ।<br>८.विराटनगरमा रहेका सार्वजनिक सम्पत्ति र प्राकृतिक सम्पदाहरुको नाम बताउन ।<br>९.विराटनगर महानगरपालिकामा रहेका मौलिकजातजाति,रहनसहन,वेशभूषा,संस्कृति, रीतिरिवाज, परम्परा र परिकारसँग परिचित हुन ।<br>१०. विराटनगरमा मनाइने मौलिक पर्व,कला, जात्रा, गीतसंगीत,उत्सव महोत्सवहरुको पहिचान गर्न ।<br>११.विराटनगर महानगर भित्र रहेका धार्मिक, सांस्कृतिक, तथा प्राकृतिक सम्पदाहरुको परिचय दिन ।<br>१२. खेलकुद तथा मनोरञ्जनबाट | १.विराटनगरको भौगोलिकर प्राकृतिकस्वरुपको परिचय बताउन<br>२.विराटनगरका प्रमुख सडकहरुको नक्साङ्कनकार्य गर्न<br>३.विराटनगरमा हुनेप्राकृतिक प्रकोपबाट बच्ने उपायहरु बताउन<br>४. विराटनगरको ऐतिहासिक स्थलहरु,मठमन्दिर,दरबार तथा विद्यालयहरुको परिचय र महत्व बताउन ।<br>५. विराटनगरका ऐतिहासिक तथा सामाजिक व्यक्तित्वहरुको परिचय र योगदान बताउन ।<br>६.नेपालको प्रजातान्त्रिक आन्दोलनमा विराटनगरबाट सहभागी व्यक्तित्वको सामान्य भुमिका बताउन ।<br>७.विराटनगरको ऐतिहासिक उद्योगको परिचय र योगदान बताउन ।<br>८.विराटनगरका सामाजिक, सांस्कृतिक गतिविधिहरूको पहिचान, सम्मान र सहभागिताजनाउन ।<br>९.विराटनगरमा रहेका सार्वजनिक सम्पत्ति र प्राकृतिक सम्पदाहरुको परिचय बताउन ।<br>१०. विराटनगर महानगरपालिकामा रहेका मौलिकजातजाति,रहनसहन,वेशभूषा,संस्कृति, रीतिरिवाज, परम्परा र परिकारको मौलिक पहिचान र महत्व बताउन ।<br>११. विराटनगरमा मनाइने मौलिक पर्व,कला, जात्रा, गीतसंगीत,उत्सव महोत्सवहरुको पहिचान गर्नर सहभागिता | १. विराटनगर महानगरको परिचय दिन ।<br>२.विराटनगर महानगरपालिकाको राजनैतिक नक्सा निर्माण गर्न ।<br>३.विराटनगरमा हुनेप्राकृतिक प्रकोपबाट बच्ने उपायहरु सम्बन्धि कार्यक्रममा सहभागी हुन ।<br>३. विराटनगरको ऐतिहासिक स्थलहरु,मठमन्दिर,दरबार तथा विद्यालयहरुको परिचय, महत्व र संरक्षणका उपायहरु बताउन ।<br>४. विराटनगरको ऐतिहासिक स्थलहरु,मठमन्दिर,दरबार तथा विद्यालयहरुको स्थलगत भ्रमण गर्न ।<br>५. विराटनगरका ऐतिहासिक तथा सामाजिक व्यक्तित्वहरुको परिचय र योगदान बताउन ।<br>६.नेपालको प्रजातान्त्रिक आन्दोलनमा विराटनगरको योगदानका बारेमा परिचित हुन ।<br>७.विराटनगरको ऐतिहासिक उद्योगको परिचय, योगदान र संरक्षणका उपाय बताउन र स्थलगत भ्रमण गर्न ।<br>८. विराटनगरका सामाजिक, सांस्कृतिक गतिविधिहरूको पहिचान, सम्मान र महत्व बताउ ।<br>९.विराटनगरमा रहेका सार्वजनिक सम्पत्ति र प्राकृतिक सम्पदाहरुको महत्व बताउन र संरक्षण गर्न ।<br>१०.विराटनगर महानगरपालिकामा रहेका मौलिकजातजाति,रहनसहन,वेशभूषा,संस्कृति, रीतिरिवाज, परम्परा र परिकारको महत्व बताउन र |

| | | | | |
|---|---|---|---|---|
| विभिन्न क्रियाकलापहरुमा सहभागी हुन ।<br>१३. स्थानीय खेलहरु खेलहरु खेल्न ।<br>१४. आफूँलाई मनपर्ने मनोरञ्जन स्थलहरु पहिचान गर्न ।<br>१५.हाम्रो वरिपरिको वातावरण, घर, विद्यालय वरपर पाइने सजीव र निर्जीव वस्तुहरुको पहिचान गर्न ।<br>१६. आफ्नो वातावरणका राम्रा र नराम्रा पक्षहरुबताउन ।<br>१७. रुपैयाँ, पैसा चिन्न तथा यसको कार्य तथा प्रयोग बताउन ।<br>१८. खुत्रुके बचतको प्रयोग गर्न ।<br>१९. असल आनिबानि बताउन र प्रदर्शन गर्न ।<br>२०. आफ्नो कर्तव्य बताउन र व्यवहारमा प्रदर्शन गर्न ।<br>२१. आफूँले प्राप्त गर्ने स्थानीय सेवा तथा सुबिधाहरुसँग परिचित हुन र उपभोग गर्न । | छलफल, प्रश्नोत्तर गर्न ।<br>१२. मनोरञ्जनका लागि गरिने विभिन्न क्रियाकलापहरुमा सहभागी हुन ।<br>१३. खेलकुदबाट हुने फाईदाहरु बताउन ।<br>१४. आफूँलाई मनपर्ने मनोरञ्जन स्थलहरुको सूचि बनाउन ।<br>१५. हाम्रो वरपरको वातावरण फोहोर हुने कारणहरु बताउन ।<br>१६. आफ्नो वरपरको वातारण सफा राख्ने सामान्य उपायहरु बताउन ।<br>१७. रुपैयाँ, पैसा चिन्न तथा यसको कार्य तथा प्रयोग बताउन ।<br>१८. खुत्रुके बचतको प्रयोग गर्न ।<br>१९. मानिसका आधारभूत आवश्यकतासँग परिचित हुन ।<br>२०. स्थानीय कच्चा पदार्थ र प्रबिधिहरुको पहिचान गर्न ।<br>२१.असल आनिबानि बताउन र प्रदर्शन गर्न ।<br>२२. आफ्नो कर्तव्य बताउन र व्यवहारमा प्रदर्शन गर्न ।<br>२३. आफूँले प्राप्त गर्ने स्थानीय सेवा तथा सुबिधाहरुसँग परिचित हुन र उपभोग गर्न । | हुने फाईदाहरु बताउन ।<br>१३. स्थानीय खेलहरु खेल्न<br>१४. स्थानीय मनोरञ्जन स्थलहरुको सामान्य परिचय दिन<br>१५. हाम्रो वरपरको वातावरण फोहोर हुने कारणहरु बताउन ।<br>१६. आफ्नो वरपरको वातारण सफा राख्ने सामान्य उपायहरु बताउन ।<br>१७.जनावर र विरुवाहरुबीचको अन्तरसम्बन्ध बताउने ।<br>१८.वातावारण सफा राख्ने उपायहरु बताउने ।<br>१९. प्राकृतिक प्रकोपको परिचय तथा असरहरु बताउन ।<br>२०. कमाई गर्ने माध्यमहरु बताउन ।<br>२०. आफ्ना अभिभावकहरुको आर्थिक स्रोतहरुको पहिचान गर्न ।<br>२१. स्थानीय कच्चा पदार्थ र प्रविधिहरुको पहिचान गर्न ।<br>२२. असल आनिबानि बताउन र प्रदर्शन गर्न ।<br>२३. आफ्नो कर्तव्य बताउन र व्यवहारमा प्रदर्शन गर्न ।<br>२४. घर र विद्यालयमा पालना गर्नुपर्ने आचारसंहिता बताउन र पालना गर्न ।<br>२५. आफूँले प्राप्त गर्ने सेवा तथा सुबिधाहरुसँग परिचित हुन र तीनको उपभोग गर्ने तरिका बताउन । | जनाउन ।<br>१२. विराटनगर महानगर भित्र रहेका धार्मिक, सांस्कृतिक, तथा प्राकृतिक सम्पदाहरुको परिचय दिन र यिनीहरुको सरसफाइमा सहभागिता जनाउन ।<br>१३.विराटनगरको प्रमुख रथयात्रा श्रीकृष्ण रथयात्राको परिचय दिन ।<br>१४. खेल तथा मनोरञ्जनको परिचय तथा महत्व बताउन ।<br>१५. स्थानीय खेलहरुमा सहभागीता जनाउन ।<br>१६. स्थानीय मनोरञ्जन स्थलहरुको परिचय र महत्व बताउन ।<br>१७. जनावर र विरुवाहरुबीचको अन्तरसम्बन्ध बताउने ।<br>१८. प्राकृतिक प्रकोपको परिचय तथा असरहरु बताउन ।<br>१९. प्राकृतिक प्रकोपबाट बच्ने उपायहरु बताउन ।<br>२०. बिराटनगर महानगरभित्रका मानिसहरुले आय आर्जनका लागि गर्ने विभिन्न कामहरुको पहिचान र सम्मान गर्न ।<br>२१. दैनिक उपभोग्य वस्तुहरुको पहिचान र मितव्ययिता गर्न ।<br>२२. स्थानीय कच्चा पदार्थ र प्रविधिहरुको पहिचान गर्न ।<br>२३. असल आनिबानि बताउन र प्रदर्शन गर्न ।<br>२४. आफ्नो कर्तव्य बताउन र व्यवहारमा प्रदर्शन गर्न ।<br>२५. घर र विद्यालयमा पालना गर्नुपर्ने आचारसंहिता बताउन र पालना गर्न ।<br>२६. अन्य ठाउँहरुमा पालना गर्नुपर्ने नियमहरु बताउन र पालना गर्न ।<br>२७. बिराटनगर महानगरभित्र प्राप्त हुने सेवा तथा सुबिधाहरुको पहिचान, उपयोगिता र उपभोग गर्ने तरिका । | संरक्षणमा सहभागी हुन ।<br>११. विराटनगरमा मनाइने मौलिक पर्व,कला, जात्रा, गीतसंगीत,उत्सव महोत्सवहरुमा सहभागिता जनाउन र संरक्षण गर्न ।<br>१२. विराटनगर महानगर भित्र रहेका धार्मिक, सांस्कृतिक, तथा प्राकृतिक सम्पदाहरुको महत्व र संरक्षणका उपाय बताउन र यिनीहरुको सरसफाइमा सहभागिता जनाउन ।<br>१३.विराटनगरको प्रमुख रथयात्रा श्रीकृष्ण रथयात्राको पर्यटकीय महत्व बताउन ।<br>१४. स्थानीय खेल तथा मनोरञ्जन स्थलहरुकोपरिचय र महत्व बताउदै तीनको संरक्षण र संबर्द्धनका उपायहरु बताउन ।<br>१५. मानव क्रियाकलापले वातावरणमा पर्ने असरहरु बताउन ।<br>१६. वातावरण संरक्षणमा मानिसको भूमिका बताउन ।<br>१७ बिराटनगर महानगरपालिका भित्र हुने आर्थिक क्रियाकलापहरुको अवलोकन गरी तीनको उपादेयता बताउन ।<br>१८. स्थानीय कच्चा पदार्थ र प्रविधिहरुको प्रयोग गर्न ।<br>असल आनिबानि बताउन र प्रदर्शन गर्न ।<br>१९. आफ्नो कर्तव्य बताउन र व्यवहारमा प्रदर्शन गर्न ।<br>२०. घर र विद्यालयमा पालना गर्नुपर्ने आचारसंहिता बनाउन र पालना गर्न ।<br>२१. अन्य ठाउँहरुमा पालना गर्नुपर्ने नियमहरु बताउन र पालना गर्न ।<br>२२. बिराटनगर महानगरभित्र प्राप्त हुने सेवा तथा सुबिधाहरुको पहिचान, उपयोगिता र उपभोग गर्ने तरिका । |
| | | | | |

## ४. हाम्रो विराटनगर विषयको क्षेत्र र क्रम

**यस हाम्रो विराटनगर विषय कक्षा १-३ को विषयवस्तुहरूको क्षेत्र र क्रम तलको तालिकामा प्रस्तुत गरिएको छ :**

| क्षेत्र/एकाइ | कार्यघण्टा | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १, विराटनगरको भौगोलिक परिचय | १५ | - आफु बसिरहेकोठाउको नाम बताउनआफ्नो जन्मस्थल,वडा, र जिल्लाको नामबताउन ।<br>-स्थानीय सडकको नाम बताउन ।<br>-विद्यालय वरिपरिको धरातलीय स्वरूप बताउन ।<br>-जाडो मौसम र गर्मी मौसमवारे सामान्य जानकारी | - आफ्नो टोल, समुदाय र त्यस वरिपरिकोअवस्थितिको स्वरूपको अवलोकन<br>-विराटनगरकोसामान्य परिचय ।<br>- विद्यालयदेखि घरसम्म जाने वाटोको नक्साको सामान्य काम<br>-जाडो मौसमको शीतलहर र गर्मी मौसम र डुवानबारे सामान्य जानकारी | - विराटनगर महानगरको प्राकृतिक स्वरूप<br>-विराटनगरको नामाकरण ।<br>-विराटनगर महानगरको क्षेत्रको नक्साको सामान्य काम<br>-जाडो मौसमको शीतलहर र गर्मी मौसमको डुवानबाट बच्ने उपाय । |
| २, विराटनगरको इतिहास | १५ | -विराट राजाको ऐतिहासिक किम्वदन्तिको सामान्य जानकारी ।<br>- कृष्णप्रसादकोइरालाको सामान्य परिचय दिन ।<br>-विराटनगरबाटप्रधानमन्त्रीहुने व्यक्तित्वहरुको नामबताउन र चिन्न ।<br>- विराटनगरका पुराना विद्यालयहरुको नाम वताउन ।<br>- विराटनगरकापुराना उद्योगहरुको नाम वताउन ।<br>-उद्योगिक गोलाको परिचय<br>- विराटनगरकै सवैभन्दा पुरानो वनस्खण्डी मन्दिर को अवस्थिति । | -विराटराजाको दरवार क्षेत्रको पहिचान गर्न ।<br>- कृष्णप्रसादकोइरालाको परिचय दिन ।<br><br>- विराटनगरवाटप्रधानमन्त्री हुने व्यक्तित्वहरुको को सामान्य परिचय वताउन ।<br>- विराटनगरका सामाजिक व्यक्तित्वहरु हनुमानदास श्रेष्ठ,प्रतापनिधि शर्मा,तारणीप्रसाद कोइराला,बालकृष्ण पोखेलको परिचय ।<br>- उद्योगी गोलाको कार्य ।<br>- विराटनगरकै सवैभन्दा पुरानो वनस्खण्डी मन्दिर को परिचय । | - कृष्णप्रसाद कोइरालाको योगदान वताउन ।<br>- हाम्रो राष्ट्रका लागि योगदान गर्ने विराटनगरका ऐतिहासिक व्यक्तित्वहरूको बारेमा सामान्य परिचय<br>- विराटनगरका सामाजिक व्यक्तित्वहरु हनुमानदास श्रेष्ठ,प्रतापनिधि शर्मा, तारणीप्रसाद कोइराला, बालकृष्ण पोखेल को सामान्य परिचय र योगदान ।<br>-विराटराजाको दरवार क्षेत्रको भ्रमणमा सहभागि हुन ।<br>- उद्योगी गोलाको महत्व ।<br>- विराटनगरकै सवैभन्दा पुरानो वनस्खण्डी मन्दिर को ऐतिहासिक महत्व । |
| ५,विराट संस्कृती,परम्परा र रितिरिवाज | २० | -विराटनगरका चाडपर्वहरु वेषभूषा, रहनसहन, मेला, गीत, सङ्गीत, बाजा, कला, जात्रा, उत्सव, महोत्सवको नाम वताउन ।<br>- सिरुवा, जितिया,लथापथा,सुकरतिया पर्व र श्रीकृष्ण रथ यात्राको सामान्य परिचय<br>-विराटनगरमा रहेका मठ मन्दिरको नाम वताउन र यहाँ मनाइने धर्मको नाम वताउन । | -विराटनगरका चाडपर्वहरु वेषभूषा, रहनसहन, मेला, गीत, सङ्गीत, बाजा, कला, जात्रा, उत्सव, महोत्सव आदिको जानकारी र सहभागिता ।<br>- सिरुवा, जितिया लथापथा,सुकरतिया पर्व र श्रीकृष्ण रथ यात्रा मनाउने समय र स्थान।<br>-विराटनगरमा रहेका मठ मन्दिर रहेको ठाउँ वताउन र यहाँ मनाइने धर्ममा पुजा गरिने देवीदेवताको नाम बताउन । | -विराटनगरका चाडपर्व, भेषभूषा, रहनसहन, मेला, गीत, सङ्गीत, बाजा, कला, जात्रा, उत्सव, महोत्सव आदिको परिचय र सहभागिता ।<br>- यीपर्वमा गरिनेक्रियाकलापहरू<br>- सिरुवा, जितिया पर्व लथापथा, सुकरतिया र श्रीकृष्ण रथ यात्राको महत्व । |
| | | -विराटनगरमा रहेका मठ मन्दिरको नाम वताउन र यहाँ मनाइने धर्मको नाम वताउन । | -विराटनगरमा रहेका मठ मन्दिर रहेको ठाउँ बताउन र यहाँ मनाइने धर्ममा पुजा गरिने देवीदेवताको नाम वताउन । | -विराटनगरमा रहेका मठ मन्दिर र यहाँ मनाइने धर्मको सामान्य परिचय दिन । |
| | | -धार्मिक तथा साँस्कृतिक कार्यक्रममा वनाइने स्थानीय परिकारहरु ( ठेक्वा, भक्का,कसार,मालपुवा ) को नाम वताउन | –धार्मिक तथा सास्कृतिक कार्यक्रममा वनाइने स्थानीय परिकारहरु वारेमा बताउन | –धार्मिक तथा साँस्कृतिक कार्यक्रममा वनाइने स्थानीय परिकारहरुको उपयोगिता वारेमा बताउन |
| | | -स्थानीय स्तरमा बोलिने भाषाभाषी को नाम वताउन । | -स्थानीय स्तरमा बोलिने भाषाभाषी को पहिचान । | -स्थानीय स्तरमा बोलिने भाषाभाषीको संरक्षणका उपाय । |
| | | -विराटनगरमा वसोवास गर्ने जातिहरुको सूचीतयार गर्न | -राजवंशी जातिको सामान्य परिचय दिन ।<br>-लोपोन्मुख जाति, दलित तथा पिछडिएका जातिको परिचय । | - विराटनगरमा वोलिने विभिन्न भाषाको नाम वताउन ।<br>-लोपोन्मुख जाति, दलित तथा पिछडिएका जातिको रहनसहन र संस्कारको परिचय दिन ।<br><br>-विराटनगरमा वसोवास गर्ने जाति र यिनीहरुले वोल्ने भाषाको पहिचान गर्न । |
| ६, हाम्रा सम्पदाहरु | २० | -आआफ्नो वडामा भएका धार्मिक मठ मन्दिर,मस्जिद,गुम्वा,चैत्यको नाम बताउन<br>-ऐतिहासिक सम्पदाहरु विराटनगर जुट मिल,कोइराला निवास,नेपालकै पहिलो अस्पताल कोशी अञ्चल अस्पताल,विराट राजाको दरवारको नाम वताउन । | -आ आफ्नो वडामा भएका धार्मिक मठ मन्दिर,मस्जिद,गुम्वा,चैत्यको सामान्य परिचय दिन ।<br>-ऐतिहासिक सम्पदाहरु विराटनगर जुट मिल,कोइराला निवास,नेपालकै पहिलो अस्पताल कोशी अञ्चल अस्पताल,विराट राजाको दरवारको सामान्य परिचय दिन । | -आ आफ्नो वडामा भएका धार्मिक मठ मन्दिर,मस्जिद,गुम्वा,चैत्यको परिचय दिन<br>-ऐतिहासिक सम्पदाहरु विराटनगर जुट मिल,कोइराला निवास,नेपालकै पहिलो अस्पताल कोशी अञ्चल अस्पताल,विराट राजाको दरवार क्षेत्रको पहिचान । |

| | | | | |
|---|---|---|---|---|
| | | प्राकृतिक सम्पदाहरु सिङ्घिया,केसलिया नदीको नाम वताउन । | प्राकृतिक सम्पदाहरु सिङ्घिया,केसलिया नदीको धार्मिक महत्व वताउन | प्राकृतिक सम्पदाहरु सिङ्घिया,केसलिया नदीको धार्मिक तथा आर्थिक महत्व वताउन । |
| | | - आफू बसिरहेकोठाउका जडिवुटीहरुको नाम वताउन | - आफू बसिरहेकोठाउका जडिवुटीहरुको उपयोगिता बताउन | - आफू बसिरहेकोठाउँ का जडिवुटीहरुको संरक्षण र प्रयोग गर्न । |
| | | - गौसिया जामे मस्जिद र विराटनगरमा रहेका अन्य मस्जीदहरुको सूची | - गौसिया जामे मस्जिदको धार्मिक महत्व । | - गौसिया जामे मस्जिदको पर्यटकीय महत्व |
| | | | | |
| ७. खेल तथा मनोरञ्जन | - २० | - स्थानीय स्तरमा मनोरञ्जनका लागि गरिने विभिन्न क्रियाकलापहरु<br>- आफूलाई मनपर्ने खेलहरुका नाम<br>- आफूलाई मनपर्ने मनोरञ्जन स्थलका नामहरु<br>- स्थानीय खेलहरुको सामान्य परिचय | - स्थानीय स्तरमा मनोरञ्जनका लागि गरिने विभिन्न क्रियाकलापहरु<br>- आफूँ लाई मनपर्ने खेल तथा मनोरञ्जन स्थलहरुको सामान्य परिचय<br>- स्थानीय मनोरञ्जनस्थलहरुको भ्रमणबाट हुने फाईदाहरु | - स्थानीय स्तरमा मनोरञ्जनका लागि गरिने विभिन्न क्रियाकलापहरु<br>- आफूलाई मनपर्ने खेल तथा मनोरञ्जन स्थलहरुको सामान्य परिचय<br>- स्थानीय खेलहरु खेल्दा तथा मनोरञ्जनस्थलहरुको भ्रमण गर्दा हुने फाईदाहरु |
| ८. वातावरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन | - २० | - हाम्रो वरपरको वातावरण<br>- हाम्रो वरिपरिको वातावरण, घर, विद्यालय वरपर पाइने सजीव र निर्जीव वस्तुहरु<br>- वातावरणका राम्रा र नराम्रा पक्षहरु | - हाम्रो वरपरको वातावरण फोहोर हुने कारणहरु (जथाभावी फोहोर मैला फ्याँ क्नु, चर्पीको प्रयोग नगर्नु, नियमित सरसफाइ नगर्नु, रसायनिक मल र किटनाशक विषादीको अधिक प्रयोग गर्नु ,वातावरण सफा राख्ने उपायहरु फोहोरमैलाको उचित व्यवस्थापन, चर्पीको प्रयोग, सरसफाई, अर्गानिक खेती, आदि) | - ह्याम्रो वरिपरिको वातावरण फोहर हुने कारणहरु ( फाहोर मैला व्यवस्थापन नहुनु, उचित ढल निकासको अभाव, चेतनाको कमी साथै जान्नेले पनि हेलचेकाई गर्नु, घरपालुवा जनावर छाडा छोड्नु, रसायनिक मल तथा विषादीको अधिक प्रयोग हुनु, माटोमा प्लास्टिकजन्य वस्तु जलाउनु )<br>- वातावरण सफा राख्ने उपायहरुको (धुवाँ रहित वातावरण, ढल निकासको उचित व्यवस्थापन, फोहोर राख्ने खाडलको प्रयोग, वृक्षारोपण, अर्गानिक खेती, विषादिको प्रयोगलाई निरुत्साहित गर्नु, घारपालुवा जनावरको नियन्त्रण, सचेतीकरण । |
| ९. आर्थिक क्रियाकलाप र स्थानीय प्रबिधि | १५ | - रुपैयाँ , पैसाको परिचय<br>- रुपैयाँ पैसाको कार्य तथा प्रयोग<br>- खुत्रुके बचतको प्रयोग<br>- स्थानीय प्रविधिको पहिचान | - रुपैयाँ , पैसाको कार्य तथा प्रयोग<br>- खुत्रुके बचतको प्रयोग<br>- मानिसका आधारभूत आवश्यकताको परिचय<br>- स्थानीय कच्चा पदार्थ र प्रविधिहरुको पहिचान | - कमाई गर्ने माध्यमहरु<br>- आफ्ना अभिभावकहरुको आर्थिक स्रोतहरुको पहिचान<br>- स्थानीय कच्चा पदार्थ र प्रविधिहरुको पहिचान |
| १०. हाम्रो आचरण, दायित्व र अनुशासन | १५ | - असल आचरण सम्बन्धी गीत/कविता<br>- कर्तव्यबोध सम्बन्धी बालकथा<br>- अनुशासन सम्बन्धी खेल | - असल आचरण सम्बन्धी गीत/कविता<br>- कर्तव्यबोध सम्बन्धी बालकथा/कविता<br>- अनुशासन सम्बन्धी सम्वाद | - असल आचरण सम्बन्धी कथा/कविता<br>- कर्तव्यबोध सम्बन्धी कथा/निबन्ध/लेख<br>- आचारसंहिता सम्बन्धी लेख |
| ११. बिराटनगरमा उपलब्ध सेवा तथा सुबिधाहरु | २० | - आफ्नो विद्यालयको परिचय<br>- आफ्नो नजिकको क्लिनिक तथा स्वास्थ्य संस्थाहरुको परिचय ।<br>- विराटनगर महानगरपालिकाभित्र संचालन हुने यातायातका साधनहरुको परिचय ।<br>- घर तथा छिमेकमा प्रयोग गरिने संचारका साधन वा माध्यमहरुको परिचय ।<br>- घर, छरछिमेक तथा विद्यालयमा प्रयोग हुने खानेपानीको स्रोत । | - आफ्नो विद्यालयको परिचय<br>- आफ्नो नजिकको क्लिनिक तथा स्वास्थ्य संस्थाहरुको परिचय ।<br>- विराटनगर महानगरपालिकाभित्र संचालन हुने यातायातका साधनहरुको परिचय ।<br>- छिमेकमा भएका सहकारी संस्था, बचत समूह र बैङ्कहरुको परिचय ।<br>- घर तथा छिमेकमा प्रयोग गरिने संचारका साधन वा माध्यमहरुको परिचय ।<br>- घर, छरछिमेक तथा विद्यालयमा प्रयोग हुने खानेपानीको स्रोत । | - आफ्नो विद्यालयको र आफ्नो वरपरका विद्यालयको परिचय ।<br>- नजिकको स्वास्थ्य चौकीको नाम र त्यहाँ प्रदान गरिने स्वास्थ्य सेवाको परिचय ।<br>- विराटनगर महानगरपालिका भित्र संचालनहुने यातायातका साधनहरुको परिचय ।<br>- छिमेकमा भएका सहकारी संस्था, बचत समूह र बैङ्कहरुको परिचय ।<br>- घर तथा छिमेकमा प्रयोग गरिने संचारका साधन वा माध्यमहरुको परिचय ।<br>- घर, छरछिमेक तथा विद्यालयमा प्रयोग हुने खानेपानीको स्रोत ।<br>- नजिकको प्रहरी चौकी/कार्यालयको परिचय ।<br>- विद्युत कार्यालयबारे जानकारी<br>- वडा कार्यालयतथा त्यहाँ कार्यरत मानिसहरुको परिचय । |

## ५. हाम्रो विराटनगर विषयकाक्षेत्र र क्रम

यस विषयको विषयवस्तुहरूको कक्षा कक्षा ४-५ को क्षेत्र र क्रम तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्षेत्र/एकाइ | कार्यघण्टा | कक्षा ४ | कक्षा ५ | |
|---|---|---|---|---|
| १, विराटनगर को भौगोलीक परिचय | १० | - आफू वसेको वडाको प्राकृतिक स्वरूप<br>-विराटनगरको भौगोलिक परिचय ।<br>-विराटनगर महानगरको क्षेत्रको नक्साको सामान्य काम<br>-जाडो मौसमको शीतलहर र गर्मी मौसमको डुवानका कारण पहिचान र यसवाट वच्ने उपाय । | -विराटनगरको भौगोलिक परिचय ।<br>-विराटनगरको नक्सा निर्माण ।<br>-मोरङ जिल्लाको नामाकरण<br>-विराटनगरमा रहेको अन्तराष्ट्रिय सिमाना<br>- जाडो तथा गर्मी मौसमको कारण उत्पन्न हुने प्राकृतिक प्रकोपको व्यवस्थापन । | |

| | | | | |
|---|---|---|---|---|
| २, विराटनगरको इतिहास | १८ | -विराट राजाको दरवार क्षेत्रको ऐतिहासिक तथा पर्यटकीय महत्व ।<br>- कृष्ण प्रसादकोइरालाको योगदान ।<br>- विराटनगरवाटप्रधानमन्त्रीहुने व्यक्तित्व हरु मातृका प्रसाद कोइराला,वि.पी.कोइराला, सूर्यवहादुर थापा,किर्तीनिधि विष्ट, नगेन्द्र प्रसाद रिजाल, गिरीजा प्रसाद कोइराला , मनमोहन अधिकारी , शुशील कोइराला कोपरिचय वताउन ।<br>- विराटनगरका पुराना विद्यालयहरुको नाम वताउन ।<br>- विराटनगरकापुराना उद्योगहरको सामान्य परिचय वताउन ।<br>-उद्योगी गोला र सहकारी को तुलना ।<br>- वनस्खण्डी मन्दीर को ऐतिहासिक महत्व । | -विराटराजाको दरवार क्षेत्रको पहिचान गर्न ।<br>- कृष्ण प्रसाद कोइरालाको योगदान ।<br><br>- विराटनगरवाटप्रधानमन्त्री हुने व्यक्तित्व हरु मातृकाप्रसाद कोइराला,वि.पी.कोइराला, सूर्यवहादुर थापा,किर्तीनिधि विष्ट, नगेन्द्रप्रसाद रिजाल, गिरिजाप्रसाद कोइराला , मनमोहन अधिकारी , शुशील कोइरालाकोयोगदान वताउन ।<br>- विराटनगरका सामाजिक व्यक्तित्वहरु हनुमानदास श्रेष्ठ,प्रतापनिधि शर्मा, तारणीप्रसाद कोइरालाको योगदान वताउन ।<br>- उद्योगी गोलाको महत्व ।<br>- वनस्खण्डी मन्दिरको संरक्षण । | |
| ५,विराट संस्कृती,परम्परा र रितिरिवाज | २० | -विराटनगरका चाडपर्वहरु वेषभूषा, रहनसहन, मेला, गीत, सङ्गीत, बाजा, कला, जात्रा, उत्सव, महोत्सवको नाम वताउन ।<br>- सिरुवा, जितिया पर्व र श्रीकृष्ण रथ यात्रा को प्रचार प्रसार । | -विराटनगरका चाडपर्वहरु वेषभूषा, रहनसहन, मेला, गीत, सङ्गीत, बाजा, कला, जात्रा, उत्सव, महोत्सव आदिको जानकारी र सहभागिता ।<br>- यीपर्वमा गरिनेक्रियाकलापहरूमा पर्यटकको सहभागिता बढाउने तरीकाहरु ।<br>- सिरुवा, जितिया पर्व र श्रीकृष्ण रथ यात्रा को संरक्षण । | |
| | | -विराटनगरमा रहेका कालीमन्दिर राधाकृष्ण मन्दिर, रामजानकी,अष्टचिरञ्जीवी,राधारमण शिव मन्दिर आदि मठ मन्दिरको नाम वताउन र यहाँ मनाइने धर्मको नाम वताउन । | -विराटनगरमा रहेका मठ मन्दिर रहेको ठाउँ वताउन र यहाँ मनाइने धर्ममा पुजा गरिने देविदेवताको नाम र यीनीहरुलाइ संरक्षण गर्ने उपायहरु वारे वताउन । | |
| | | -स्थानीय स्तरमा बोलिने भाषाभाषीको नाम वताउन । | -स्थानीय स्तरमा बोलिने भाषाभाषी को संरक्षण का उपाय । | |
| | | -विराटनगरमा वसोवास गर्ने जातिहरुको सूची तयार गर्न<br>-मुस्लिम धर्मवलम्बीहरुले मनाउने चाड पर्वहरुको नाम र मनाइने समय | -राजवंशी जातिको सामान्य परिचय दिन ।<br>-विराटनगरका लोपोन्मुख जाति, दलित तथा पिछडिएका जातिको परिचय ।<br>-मुस्लिम धर्मवलम्बीहरुले मनाउने चाड पर्वहरुको प्रचार प्रसार । | |
| ६, हाम्रा सम्पदाहरु | १५ | -आ आफ्नो वडामा भएका धार्मिक मठ मन्दिर,मस्जिद,गुम्वा,चैत्यको परिचय वताउन<br>-ऐतिहासिक सम्पदाहरु विराटनगर जुट मिल,कोइराला निवास,नेपालकै पहिलो अस्पताल कोशी अञ्चल अस्पताल,विराट राजाको दरवारको परिचय र स्थलगत अध्ययन । | -आ आफ्नो वडामा भएका धार्मिक मठ मन्दिर,मस्जिद,गुम्वा,चैत्यको सामान्य महत्व ।<br>-ऐतिहासिक सम्पदाहरु विराटनगर जुट मिल,कोइराला निवास,नेपालकै पहिलो अस्पताल कोशी अञ्चल अस्पताल,विराट राजाको दरवारको सामान्य परिचय स्थलगत अध्ययन र संरक्षणका उपायहरु । | |
| | | -प्राकृतिक सम्पदाहरु सिङ्घिया,केसलिया नदीको संरक्षणका उपाय वताउन । | -प्राकृतिक सम्पदाहरु सिङ्घिया,केसलिया नदीको धार्मिक महत्व बताउन | |
| | | - आफू बसिरहेकोठाउका जडिवुटीहरुको पहिचान गर्न । | - आफू बसिरहेकोठाउँ का जडिबुटीहरुको खेती गर्ने तरिका । | |
| | | - गौसिया जामे मस्जिद र विराटनगरमा रहेका अन्य मस्जीदहरुको सूची | - गौसिया जामे मस्जिदको धार्मिक महत्व । | |
| | | | | |
| ७. खेल तथा मनोरञ्जन | १५ | - स्थानीय खेल तथा मनोरञ्जनस्थलहरुको परिचय तथा महत्व।<br>- स्थानीय खेलहरु खेल्ने तरिका | - स्थानीय खेल तथा मनोरञ्जन स्थलहरुको परिचय तथा महत्व<br>- स्थानीय खेलहरु खेल्ने तरिका<br>- स्थानीय खेल तथा मनोरञ्जन स्थलहरुको संरक्षण र सम्बर्द्धनका उपायहरु । | |
| ८. वातावरण तथा प्रकोप व्यवस्थापन | १५ | - जनावर र बिरुवाबीच अन्तरसम्बन्ध<br>- जनावरबाट बिरुवाले पाउने फाइदा, बिरुवाबाट जनावरले पाउने फाइदा, विरुवाले प्रकाश संश्लेषणमा कार्वनडाईअक्साइड लिने र अक्सिजन दिने, जनावर तथा विरुवाले श्वास फेर्दा अक्सिजन लिने र कार्वनडाईअक्साइड दिने ।<br>- प्राकृतिक प्रकोपको परिचय, प्राकृतिक प्रकोपका असरहरु :<br>- घरखेत बगाउने, मानिस जनावर बगाउने, पुर्ने, पशुपंक्षी अन्नबाली जलेरनश्ट हुने, मानिस तथा जनावर बोटबिरुवाको क्षति हुने ।<br>- प्राकृतिक प्रकोपबाट बच्ने सामान्य उपायहरु | - जनावर र बिरुवाबीच अन्तरसम्बन्ध<br>- जनावरबाट विरुवाले पाउने फाइदा, विरुवाबाट जनावरले पाउने फाइदा, विरुवाले प्रकाश संश्लेषणमा कार्वनडाईअक्साइड लिने र अक्सिजन दिने, जनावर तथा विरुवाले श्वास फेर्दा अक्सिजन लिने र कार्वनडाईअक्साइड दिने ।<br>- प्राकृतिक प्रकोपको परिचय, प्राकृतिक प्रकोपका असरहरु :<br>- घरखेत बगाउने, मानिस जनावर बगाउने, पुर्ने, पशुपंक्षी अन्नबाली जलेरनष्ट हुने, मानिस तथा जनावर बोटविरुवाको क्षति हुने ।<br>- प्राकृतिक प्रकोपबाट बच्ने सामान्य उपायहरु | |
| ९. आर्थिक क्रियाकलाप तथा स्थानीय प्रविधि | १० | - विराटनगर महानगरभित्रका मानिसहरुले आय आर्जनका लागि गर्ने विभिन्न कामहरुको पहिचान र सम्मान<br>- दैनिक उपभोग्य वस्तुहरुको पहिचान र मितव्ययिता<br>- स्थानीय कच्चा पदार्थ र प्रविधिहरुको पहिचान र प्रयोग | - विराटनगर महानगरपालिकाभित्र हुने आर्थिक क्रियाकलापहरुको अवलोकन तथा तिनको उपादेयता<br>- दैनिक उपभोग्य वस्तुहरुको पहिचान र मितव्ययिता<br>- स्थानीय कच्चा पदार्थ र प्रविधिहरुको पहिचान र प्रयोग | |
| १०. हाम्रो आचरण, | १० | - असल आचरण सम्बन्धी कथा/कविता | - असल आचरण सम्बन्धी लेख र भनाईहरु | |

| | | | | |
|---|---|---|---|---|
| दायित्व र अनुशासन | | - कर्तव्यबोध सम्बन्धी कथा/निबन्ध/लेख<br>- आचारसंहिता सम्बन्धी लेख | - कर्तव्य बोध सम्बन्धी सम्वाद /नाटक<br>- आचारसंहिता सम्बन्धी लेख /निबन्ध | |
| ११. बिराटनगरमा उपलब्ध सेवा तथा सुबिधाहरु | १५ | - आफ्नो विद्यालयको र आफ्नो वरपरका विद्यालयहरुको सामान्य परिचय ।<br>- आफ्नो वडामा रहेका स्वास्थ्य चौकी/ अस्पतालको नाम र तिनको सेवा क्षेत्र<br>- विराटनगर महानगरपालिका भित्र चल्ने यातायातका साधनहरुको परिचय ।<br>- आफ्नो वरपर भएका बैङ्क तथा सहकारी संस्था, बचत समूहहरुको परिचय तथा कार्य ।<br>- विराटनगरभित्र प्रयोग हुने संचारका साधनहरुको सामान्य परिचय ।<br>- विराटनगर भित्र संचालित खानेपानी आयोजनाहरुको परिचय ।<br>- विराटनगरमा भएका विभिन्न सुरक्षा निकायहरुको परिचय । | - विराटनगरमा संचालित शैक्षिक संस्थाहरुको सामान्य परिचय ।<br>- विराटनगरमा रहेका स्वास्थ्य चौकी/अस्पतालको नाम र त्यहाँ बाट प्राप्त हुने सेवाहरु<br>- विराटनगर महानगरपालिका भित्र चल्ने यातायातका साधनहरुको परिचय ।<br>- विराटनगरमा भएका प्रमुख बङ्क तथा सहकारी संस्था, बचत समूहहरुको परिचय तथा कार्य ।<br>- विराटनगरभित्र प्रयोग हुने संचारका साधनहरुको सामान्य परिचय ।<br>- विराटनगर भित्र संचालित खानेपानी आयोजनाहरुको परिचय ।<br>- विराटनगरमा भएका विभिन्न सुरक्षा निकायहरुको परिचय । | |

## ६.हाम्रो विराटनगर विषयकोसिकाइ सहजीकरण विधि तथा प्रक्रिया

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ सक्षमताहरु पूरा गर्न गराउनका लागि विद्यार्थीहरुमा विभिन्न विधिहरुको माध्यमद्वारा गरिने क्रियाकलापलाई नै सिकाइ सहजीकरण भनिन्छ । जसको माध्यमबाट सिकाइलाई सहज बनाउन मद्धत पुग्दछ सिकाइ सहजीकरणलाई शिक्षण विधि पनि भन्ने गरिन्छ जसमा शिक्षणका तौर तरिकाहरु प्रयोग हुन्छन् । यो क्रियाकलाप कक्षाकोठा भित्र वा बाहिर जहाँ पनि गर्न सकिन्छ । यसलाई अझ सरल ढङ्गमा भन्नुपर्दा पाठ्यक्रमले निर्धारण गरेका सिकाइ सक्षमता, सिकाइ उपलब्धी र यिनीहरु अनुरुपका विषयवस्तुको बारेमा शिक्षक र विद्यार्थीहरुबीच गरिने व्यवस्थित अन्तर क्रिया नै सिकाइ सहजीकरण प्रक्रिया हो ।

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी प्राप्त गर्न कक्षा कोठामा वा कक्षा कोठा बाहिर गरिने अन्तरक्रियात्मक कार्यलाई शिक्षण सिकाइ सहजिकरण भनिन्छ । यसमा विद्यार्थीले गरेको सिकाइ क्रियाकलापमा शिक्षकले सहजिकरण गर्ने कार्य गर्दछ । सिकाइ सहजिकरण प्रक्रियामा विषयवस्तुको प्रकृति अनुसार शिक्षण विधिहरुको छनौट गरि शिक्षण सिकाइ सहजिकरण प्रकृया अगाडी वढाउनु पर्दछ ।

शिक्षण सिकाइ सहजिकरण प्रकृयालाई प्रभावकारी वनाउन निम्न लिखित कुराहरुमा ध्यान दिनु पर्दछ ।

- ➢ शिक्षण सिकाइ सहजिकरण गर्दा ब्यवहारिक उद्देश्य सँग मेल खाने गरी गर्नु पर्दछ ।
- ➢ कक्षाकोठा व्यवस्थापन,समयको उपलब्धता,विद्यार्थीहरुको सिकाइको स्तर,सिकारुको रुची,इच्छा तथा परिपक्वता मा ध्यान दिनु पर्दछ ।
- ➢ कुन शिक्षण विधिवाट शिक्षण सिकाइ सहजिकरण गर्ने र कुन कुन सामाग्री कसरी प्रयोग गर्ने भन्ने विषयमा प्रष्ट हुनु पर्दछ ।
- ➢ शिक्षकले के गर्ने र विद्यार्थीले के गर्ने भन्ने विषयमा स्पष्ट हुनु पर्दछ ।
- ➢ प्रस्तुती र भाषाशैलीमा ध्यान पु-याउनु पर्दछ ।
- ➢ अन्तमा सिकाइको सारांस प्रस्तुत गर्नुपर्दछ

### शिक्षण सिकाइमा प्रयोगमा आइरहेका विधिहरु :

- व्याख्यान विधि
- छलफल विधि
- प्रदर्शन विधि
- प्रश्नोत्तर विधि
- अभिनय तथा भूमिका निर्वाह विधि
- कथा कथन विधि
- खेल विधि

- परियोजना कार्य विधि
- अवलोकन तथा भ्रमण विधि
- खोज विधि
- समस्या समाधान विधि

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो । यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाइ र बालमनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया र सिद्धान्त पनि अनुसरण गरिने भएकाले यो एक विज्ञान तथा सिद्धान्त पनि हो । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइसहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान,रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रुचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ ।

विद्यार्थीहरूले कुनै सिकाइ क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रक्रिया तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ । सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबिच सहसम्बन्ध स्थापित गर्दै सिकारुले हासिल गर्नुपर्ने सिकाइ उपलब्धि एवम् सक्षमतालाई केन्द्रमा राखी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । सिकाइका क्रममा विद्यार्थीहरूको सिकाइ सक्रियतालाई विशेष ध्यान दिँदै सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्नुपर्छ । सिकाइलाई बृहत् विषयवस्तुमा केन्द्रित गराउने उद्देश्यले दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण तरिकाले अन्तरसम्बन्धित गरी पाठ्यक्रम निर्माण गर्ने प्रयास भएकाले विभिन्न विषयक्षेत्रका सिकाइ सक्षमतालाईसरलबाट जटिलतिरको क्रममा सिकारुले स्वगतिमा सिक्न पाउने अवसर सिर्जना गरी सिकाइ व्यवस्थापन गर्नुपर्छ । विशिष्टीकृत विषयक्षेत्रहरूलाई पनि यथासम्भव अन्तरसम्बन्धित हुने गरी सिकारुको पूर्वज्ञान तथा अनुभवसँग समेत सहसम्बन्ध स्थापित गरी सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ । प्रारम्भिक कक्षाहरूमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने,बालबालिकाहरूले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ ।

## सिकाइ सहजीकरण प्रक्रियामा अवलम्बन गरिने आधारहरु

कक्षा १-५ सम्मको सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्नुपर्ने छ :

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्दछ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्दछ । खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्दछ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्दछ ।
- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।

- विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य,
- क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।
- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ ।
- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइसहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।
- भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइक्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्छ ।
- सिकाइ क्रियाकलापमा शिक्षक र सिकारुबिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइ मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्तासहकार्यलाई बढावा दिनुपर्छ ।
- सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सीप विकास, व्यवहारकुशल सीप र सिकाइबिचको सहसम्बन्ध हुने गरीजीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्ने छ ।
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोजअनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्ने छ ।
- सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुकोछनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्ने छ ।
- सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।

## सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष

सम्बन्धित विषयक्षेत्रमा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यान दिनुपर्ने केही महत्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन् :

१. सक्षमता तथा सिकाइ उपलब्धिहरू : पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरूअनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोटगर्नुपर्छ ।

२. विषयवस्तुको स्वरूप : विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।

३. बालमनोविज्ञान : सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिलेविद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।

४. स्रोत साधनहरूको उपलब्धता : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम
प्रयोग हुन सक्ने हुनुपर्छ ।

५. विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल
खाने हुनुपर्दछ ।

६. समय र विद्यार्थी सङ्ख्या : उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ ।

७. शिक्षकको योग्यता, क्षमता र रुचि : शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगावजस्ता पक्षले पनि शिक्षणविधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ ।

यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम्उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

## विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू

क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १-३ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

**कथाकथन एवम् गीत** : यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

**आगमन विधि** : यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

**भूमिका निर्वाह/अभिनय** : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

**निर्माणात्मक कक्षा** : यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूहकार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

**सहयोगात्मक कक्षा** : यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

**परियोजना कार्य** : विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्नसकिन्छ ।

**छलफल र प्रश्नोत्तर** : यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणकोप्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तरर छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्न रअन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

**अन्वेषण, अनुसन्धान तथा खोज** : यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वाराखोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

**प्रविधियुक्त कक्षा** : मोबाइल, कम्प्युटर, प्रोजेक्टर मोबाइल आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

**सिर्जनात्मक कार्य** : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

**समस्या समाधान विधि** : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्नेप्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

**खेल विधि** : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

**प्रयोगात्मक विधि** : यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

**भ्रमण** : विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्न गराइन्छ ।

**प्रदर्शन विधि** : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

**स्वाध्ययन तथा छलफल** : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचारनिर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबिच छलफल गराउन सकिन्छ ।

**अन्तरक्रिया** : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्यसञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

**उदाहरण र प्रयोग** : पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सीप,शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्ररचना, सस्वरवाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।

**श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण** : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण,तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डारर अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

## ७. हाम्रो विराटनगर विषयकोविद्यार्थी मूल्याङ्कन

आधारभूत तहको कक्षा १–५ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनकोपरम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाईआत्मसात् गरिएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्तगर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । स्थानीय पाठ्यक्रमको अपेक्षित उद्देश्य हासिल गर्न कक्षा एक देखि कक्षा तीनसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन (१०० प्रतिशत) र कक्षा ४ देखि कक्षा ५ को निरन्तर विद्यार्थी मूल्याङ्कन (५० प्रतिशत) र आवधिक मूल्याङ्कन (५० प्रतिशत) गर्नुपर्ने व्यवस्था गरिएको छ । कक्षाकोठामाआधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्नअङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ ।

कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तरपहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मकप्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ । आधारभूत तहको कक्षा १–५ मागरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तरनिर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

### सिकाइका लागि मूल्याङ्कन

कक्षाकोठामा गरिने मूल्याङ्कनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात् शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरीविद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्दछ । यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथैउनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनले विद्यार्थीको सिकाइको वर्तमानअवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोग गर्नुका साथै अपेक्षित सिकाइ गर्ने विद्यार्थीका लागि अग्रिम सिकाइका लागि निर्देशित पनिगर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका लागि गरिने सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधारगर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ । अर्को शब्दमा सिकाइको क्रममाकक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनु पर्दछ ।निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइउपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्थापहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइकोवर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–५ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीकोसिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुनसक्दछ । पहिलो चरणमा शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेकाविद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाटपनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारितनिर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ ।

यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थपसिकाइका लागि अवसर सृजना हुने छ ।

## मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-५ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोगगर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइउपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्नसकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीकोसिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-५ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजनाकार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठनभएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारीपठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनिआवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमायथासक्य वास्तविक कार्य (Authentic task)समावेश गर्नु उपयुक्त हुने छ ।

कक्षा १-५ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुने छ :

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनाको तयारी गर्नुपर्छ ।
३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारितन्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।
४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षणगर्नुपर्छ ।
५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन रसिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।
६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सीप प्राप्तिमा विद्यार्थीको हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइक्रियाकलापमा सुधार गर्नुपर्छ ।
७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरीअपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइउपलब्धि हासिल गर्न नसक्नेविद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।
८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनकोनतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (एयचतायष्यि) व्यवस्थित गरेर राख्नुपर्छ ।
९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको
अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।
१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

## मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या,शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइउपलब्धिअनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुणभनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कन साधनहरूकाअर्को महत्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ । पहिलो, विद्यार्थीका विविध क्षमतामापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधना विकास गरी विद्यार्थीको रुचितथा प्राथमिकताअनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । केकस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छनभन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिसकिएको छ । त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्नेकुरा उपयुक्त नहुने भएकालेमूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ । यसको थप विस्तृतीकरण विषयक्षेत्रगत रूपमा अनुसूचीमा समावेश गरिएकोछ । शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।
शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नअनुसार छन् :

**१. कक्षा सहभागिता** : नियमित रूपमा कक्षामा नआउँदा शिक्षण सिकाइ कार्य कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षामा सहभगितामा पनिध्यान दिनुपर्छ । विद्यार्थीको कक्षा कार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कनगर्न सकिन्छ ।

**२. लिखित तथा मौखिक परीक्षा** : अध्ययन अध्यापनका क्रममा कुराकानी तथा छलफललगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाकाबारेमा जानकारी लिन सकिन्छ । कक्षा १–५ मा छोटा छोटा कक्षा परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परीक्षाहरूऔपचारिक किसिमका र लामा नभई अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ । विषयवस्तुको स्वरूप तथा परीक्षण गरिने सिकाइउपलब्धिलाई विचार गरेर लिखित वा मौखिक प्रतिक्रिया प्राप्त हुने परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । त्यस्तै, कक्षामा गर्न दिएका कार्य नियमितरूपमा सक्रियतापूर्वक गरे नगरेका, यदि गरेको भए सही रूपमा गरे वा नगरेको हेरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीले सही रूपमा कक्षाकार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ । कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य पनि दिन सकिन्छ । गृहकार्यगराइको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन सकिन्छ । तर कक्षा १-५ का विद्यार्थीलाई सामान्यतया गृहकार्यको बोझ दिनुहुन्न । यस तहकाविद्यार्थीलाई गृहकार्य कुनै विशिष्ट अवस्थामा न्यून मात्रामा मात्र दिनुपर्छ अर्थात् दैनिक र नियमित गृहकार्य दिनु आवश्यक हुन्न ।

**३. परियोजना तथा प्रयोगात्मक कार्य** : विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजना कार्य गर्न दिनुपर्छ । जस्तै : आफ्नो समुदायमाबोलिने भाषाभाषीको विवरण ल्याउने, समुदायमा बोलिने भाषाको अवस्था पहिचान गर्नुपर्छ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वानगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

**४. अवलोकन :** सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा नगरेको, कार्यसम्पादन गर्न सके वा नसकेको अवलोकन गरी पृष्ठपोषण दिन सकिन्छ ।

**५. विद्यार्थीका कार्यको प्रदर्शन** : विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्यकविता निबन्ध, कथा लेखन, चित्र बनाउने आदिको प्रदर्शन पनि गराउन सकिन्छ ।

**६. घटनावृत्त अभिलेख** : विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्नसकिन्छ ।

**७. छोटा परीक्षा :** कुनै विषयवस्तुको सिकाइपश्चात् विषयवस्तरको प्रकृतिअनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्तापरीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नुपर्छ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्तगर्न सहयोग पुग्नाका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

**८. स्व र सहपाठी मूल्याङ्कन** : विद्यार्थीले आफूले केकति सिक्न सकेँ भनी सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादनलगायत अन्य माध्यमबाट सिकाइअवस्थाको मूल्याङ्कन गरी स्वपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ । विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभवतथा सिकाइको प्रत्यावर्तन ९चभाभिअतष्यल० गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । त्यसै गरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्तगर्ने अवसर प्रदान गर्न सकिन्छ ।

**९. अभिभावकको प्रतिक्रिया** : विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथाप्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वा शिक्षक, अभिभावक र विद्यार्थीबिच छलफलगरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्तहुन सक्छ ।विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ ।कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनकोमाध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थीपरीक्षण तथा मूल्याङ्कन गरिन्छ

। विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका( Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरूहटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ । पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमाकुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनीउपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तरअभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुर्‍याउनेप्रयास गर्नुपर्दछ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मकसिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ। सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरीउपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसतसिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

मस्यौदा